सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-४५
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:२१ बजे
बैठक स्थगित :३:२९ बजे

नेपाल सम्वतः- ११४६ २०८३ भदौ २५ गते बिहीबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको पैंतालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य खम्म बहादुर खातीले बाजुराको बुढीगंगामा १५ शैयाको अस्पताल निर्माण गर्न भएको ढिलाई सम्बन्धी विषय उल्लेख गर्दै निर्माण कार्यलाई गति दिन स्वास्थ्य मन्त्रीको ध्यानाकर्षण गराउँदै निर्माण कार्य सम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्न माग गर्नुभयो।

माननीय सदस्य चन्द्र बहादुर के.सी.ले खाना पकाउने ग्याँसको कालोबजारी, जेन-जी सहिदको शालिक अनावरण गर्ने क्रममा ४५ जनाको अनुहार नमिलेको विषय तथा बाढी पहिरो प्रभावितका लागि वेली ब्रिजको प्रबन्ध गरी आवतजावतको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य जगत तिमिल्सिनाले मन्त्रीहरुले उद्योगी तथा निर्माण व्यवसायीलाई धम्काउने गरेका दृष्टान्त प्रस्तुत गर्दै संविधान र कानून बमोजिम कार्य गर्न सरकारको गम्भिर ध्यानाकर्ण गराउनुभयो।

माननीय सदस्य धर्मेन्द्र पासवानले मधेश प्रदेशमा रौतहट लगायतका जिल्लामा सयौं अधुरा पुलहरु रहेकाले सरकारलाई यथाशिघ्र कार्य संचालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य मीनासिंह रखालले भोटेकोशी बाढीबाट पीडित महिलालाई सामाजिक सञ्जालमा अश्लिल टिप्पणी गर्ने उपर कानूनी कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रंजित कर्णले प्रतिनिधि सभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति माननीय रवि लामिछानेले मिथ्या सूचना तथा भ्रम छर्ने व्यक्ति पार्टीको साधारण सदस्य रहन नसक्ने भनि व्यक्त प्रतिबद्धता अनुरुप राष्ट्रिय सभामाथि गलत आरोप लगाउने कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई कहिले कारबाही हुन्छ? भनी प्रश्न गर्नुभयो।

माननीय सदस्य रामकुमारी झाक्रीले सङ्घीय संसद् सचिवालयले राष्ट्रिय सभामा कानून निर्माणको अवस्थाबारे तथ्यसहित सार्वजनिक गरोस् र कानून मन्त्रीको अभिव्यक्ति बारे सभामा माफी माग्न रुलिङ गर्न सम्माननीय अध्यक्षलाई आग्रह गर्नुभयो।

माननीय सदस्य रेखा कुमारी झाले भोटेकोशी बाढीमा प्रभावितको खोजी, उद्धार, राहत तथा पुनर्स्थापनलाई छिटो छरितो तुल्याउन तथा खाना पकाउने ग्याँसको सहज आपूर्ती सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रोश्री मेचेले मोरङ कारागारमा भएको हिंसात्मक झडप, दादागिरी र राजनीतिक संरक्षणको दीर्घकालिन समाधान हुनुपर्ने उल्लेख गर्दै गजेन्द्र नारायण सिंह अस्पताल अगाडी सडकमै प्रसुती भएको,

धोबीखोलामा ग्याँस नपाएर आत्महत्याको प्रयास तथा माइतीघरमा नागरिकले आत्मदाहको प्रयास गरेका घटनामा सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य वासुदेव घिमिरेले नेपालमा वर्षेनी ७००० जनाले आत्मदाह गरिरहेकाले यसको न्यूनीकरणका लागि सरकारले गरेका काम कारबाहीको जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सम्झना देवकोटाले जेन-जी आन्दोलनका नाममा तथा भोटेकोशी बाढीका कारण धेरै भौतिक तथा मानवीय क्षति भएको उल्लेख गर्दै यस्तो अब कहिल्यै नहोस् र सरकारलाई उत्तरादायी बन्न ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सुनिल बहादुर थापाले कानून निर्माणमा राष्ट्रिय सभाको भूमिका सम्बन्धमा माननीय कानून मन्त्री साथै फरक प्रसंगमा उद्योग मन्त्री तथा पूर्वाधार विकास मन्त्रीका अभिव्यक्तिहरु रणनीति तथा दृष्टिकोणको अभावका उपज हुन् भन्ने जिकीर गर्नुभयो।

माननीय सदस्य सोमनाथ पोर्तेलले माननीय गृहमन्त्रीले "हामीले राजनीति सिक्न आएका होइनौं, राजनीति सिकाउन आएका हौं" भन्ने अभिव्यक्तिको कटाक्ष गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य सुनिल बहादुर थापाले भोटेकोशी बाढीप्रति दुःख व्यक्त गर्दे उद्धार तथा राहत कार्यमा संलग्न सरोकारवालाप्रति धन्यवाद व्यक्त गर्नुभयो। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा पूर्वसूचना प्रणालीको स्तरोन्नती, उत्थानशील पूर्वाधार निर्माण, उद्धार क्षमता विकास, व्यवस्थित पुनर्निर्माण प्रणालीको सुनिश्चितता, प्रभावित नागरिकलाई सहायता लगायतका विषयको आवश्यकता उजागर गर्नुभयो। त्यसैगरी, विश्वसनीय तथ्याङ्क र प्रमाणसहित अन्तर्राष्ट्रिय जलवायू वित्त, Loss and Damage Fund, संयुक्त राष्ट्रसंघका मञ्च, कोप सम्मेलन लगायत संयन्त्रमा क्षतिपूर्तिका लागि आवाज उठाउन तथा राष्ट्रिय एकता कायम गर्दै महाविपत्तिको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य नर बहादुर विष्टले महाविपत्तिको समयमा समेत सरकार संवेदनशील बन्न नसकेको तथा राजनीतिक लाभ-हानीमा लागेको जिकिर गर्नुभयो। जेन-जी आन्दोलनका क्रममा भएको भौतिक संरचनाको क्षति, हाल भइरहेको खाना पकाउने ग्याँसको अभाव, अस्वभाविक मूल्य वृद्धिलगायत विषय उल्लेख गर्दै सरकारले स्पष्ट दृष्टिकोणसहित कार्य गर्न नसकेको र आफ्नो असक्षमता लुकाउन दोषारोपण गर्ने गरेको बताउनुभयो। त्यसैगरी, कर्णाली प्रदेशको हुम्ला जिल्लामा रहेको ५०० वाटको विद्युत गृह संचालनमा अवरुद्ध हुँदा नागरिक प्रभावित भएकाले यथाशिघ्र संचालनमा ल्याउन तथा प्रणालीगत सुधार एंवम् विज्ञहरुको सरसल्लाहमा शासकीय गतिविधि संचालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य राम कुमारी झाक्रीले कार्वन उत्सर्जनमा न्यून भूमिका रहेपनि जलवायू परिवर्तन, विश्वव्यापी उष्णताका कारण नेपालले ठूलो विपत्तिको सामना गर्नुपरेको चर्चा गर्दै अन्तर्राष्ट्रिय समुदायको सहानुभूति नभएर सहयोग र ऐक्यवद्धता आवश्यक रहेको उल्लेख गर्नुभयो। समयमा सूचना प्रवाह नभएको, जलविद्युत आयोजनाका सुरुङमा ढिलो गरी उद्धार भएको जस्ता विषयमा प्रश्न उठाउँदै सरकार सामाजिक सञ्जालमा सीमित भएको जिकिर गर्नुका साथै व्यवस्थित पुनर्निर्माण तथा पुनर्स्थापना हुनुपर्नेमा जोड दिनुभयो। जेन-जी आन्दोलन पश्चात सरकारविहीनताको अवस्था स्मरण गर्दै २०८२ भदौ २४ मा भएको विध्वंशको राजनीतिक जिम्मेवारी कोही-कसैले लिनुपर्ने लगायतका विषयमा धारणा राख्नुभयो।

माननीय सदस्य विष्णु कुमारी सापकोटाले भोटेकोशी बाढीले प्रभावित नागरिकको खोज, उद्धार, राहत वितरण लगायतमा संलग्न सरोकारवालालाई धन्यवाद प्रकट गर्दै विपत्तिले पुऱ्याएको मानवीय तथा भौतिक क्षति एवम् प्रभावित परिवारका सदस्यलाई साइवर आक्रमण गरेका घटना उजागर गर्नुभयो। जेन-जी आन्दोलन जायज मागका साथ उठान भएको भएपनि त्यसको दुरुपयोग भएको उल्लेख गर्दै माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री एवम् माननीय उद्योग मन्त्रीको अभिव्यक्तिको आलोचना गर्नुभयो। त्यसैगरी, विपद् व्यवस्थापनका लागि पूर्वसूचना प्रणालीलाई व्यवस्थित तुल्याउने, विपद् प्रतिरोधी संरचनाको निर्माण गर्ने तथा दीर्घकालिन पुनर्वासको आवश्यकता औल्याउँदै अन्तर्राष्ट्रिय मञ्चमा बलियो उपस्थितिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य राजेन्द्र लक्ष्मी गौरेले भोटेकोशी बाढीको क्रममा तीन तहका सरकारसँग उचित समन्वय हुन नसकेको, हेलिकप्टरको प्रयोग बाढी प्रभावितका लागि केन्द्रित हुन नसकेको, मानवीय तथा भौतिक संरचनामा भएको क्षतिको यथार्थ विवरण प्रकाशन हुन नसकेको लगायतका विषय उल्लेख गर्नुभयो। संगिता पाण्डेको निजी सम्पत्ति ललाई फकाइ गरी लुटिएको घटना चर्चा गर्दै मुलुकमा सुशासन कायम हुन नसकेको र अराजकता बढेर गएको बताउनुभयो। खाना पकाउने ग्याँसको अभाव, आधारभूत खाद्यन्नको मूल्यवृद्धि तथा प्रधानमन्त्री र मन्त्रीहरुको सचिवालयको आकार वृद्धि, साइवर अपराधका बढ्दो घटना उल्लेख गर्दै संविधानतः सुनिश्चित सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई आधारशीला मानी अगाडी बढ्न मन्त्री तथा सरकारलाई सचेत र संवेदनशील बन्न ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रंजित कर्णले जेन-जी आन्दोलन भएको १ वर्षमा अपेक्षित परिवर्तन हुन नसकेको जनाउँदै नगण्य भूमिका एवम् न्यून कार्वन उत्सर्जनका बाबजुत जलवायू परिवर्तन तथा विश्वव्यापी तापक्रम वृद्धिका कारण नेपालमा उच्च जलवायू संकट साथै गम्भिर क्षति हुन पुगेको बताउनुभयो। जलवायू न्याय तथा क्षतिपूर्तीको माग उठाउँदै आँफूले संयुक्त राष्ट्रसंघको महासचिव र जलवायू कोषको नेतृत्वलाई पत्राचार गरेको जानकारी दिँदै आपतकालिन मानवीय सहायताप्रति मात्र कृतज्ञ भएर नहुने र तथ्यगत रुपमा जलवायू न्यायको आवाज उठाउनुपर्ने उल्लेख गर्नुभयो। हाम्रा हिमशृंखलामा रहेका हिमखण्डसँग सम्बन्धित क्षति र नोक्सानीका लागि छुट्टै कार्ययोजना र संयन्त्र निर्माण, हिमाली अनुगमन र पूर्वसूचना प्रणाली, छिमेकी मुलुकबीच अन्तरदेशीय सूचना आदानप्रदान, जोखिमपूर्ण हिमतालको पहिचान, जलविद्युत आयोजनको डिजाइन, वन डढेलो नियन्त्रण, मानव वस्तीमा आगलागीका घटना न्यूनीकरण, शहरी विकासमा मात्रै केन्द्रित हुने मानसिकताको अन्त्य गरी गाँउ विकासमा प्राथमिकता, व्यवस्थित वस्ती विकास र पुनर्वासँगै रोजगारी, विद्यालय, स्वास्थ्य सेवा, संस्कृति, समुदाय र आत्मसम्मानसमेत सुरक्षित हुनुपर्ने उल्लेख गर्नुभयो। सम्माननीय प्रधानमन्त्रीज्यूको संयुक्त राष्ट्रसंघको भ्रमणको पूर्वसन्ध्यामा सर्वदलीय राष्ट्रिय परामर्शमार्फत साझा राष्ट्रिय धारणा निर्माण गर्नुका साथै सङ्घीय संसद्बाट साझा जलवायू न्याय सम्बन्धी राष्ट्रिय सङ्कल्प पारित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले भोटेकोशीमा आएको विनाशकारी महाप्रलयका सम्बन्धमा चर्चा गर्दै मित्रराष्ट्रका विज्ञ टोलीलाई उद्धार कार्यमा ढिलो अनुमति दिएकोमा आलोचना गर्नुभयो। जोखिमयुक्त हिमतालको विवरण उल्लेख गर्दै चीनलगायत छिमेकी मुलुकहरुसँग हिमताल सम्बन्धी सूचना आदान प्रदान र सयुक्त सूचना सङ्कलन गर्नुपर्ने उल्लेख गर्नुभयो। वर्षातका कारण कर्णाली करिडोर र भेरी करिडोरमा क्षति पुगेको, स्वास्थ्य, खानेपानी, बालीनालीमा प्रभाव परेको तथा महामारीको जोखिम सम्बन्धमा सचेत गराउँदै खाद्यान्नको व्यवस्थापन, स्वास्थ्य शिविर संचालन लगायतको आवश्यकता औंलाउनुभयो।

विगत ३५ वर्षे शासनकाललाई मात्र दोषारोपण नगरी जवाफदेहीपूर्ण रुपमा छिटो भन्दा छिटो जनताको समस्या समाधानमा केन्द्रित हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

तत्पश्चात, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहाय बमोजिम माननीय सदस्यहरूले भाग लिनुभयोः-

१. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)
२. माननीय सदस्य प्रेम प्रसाद दंगाल
३. माननीय सदस्य खम्म बहादुर खाती
४. माननीय सदस्य सुरेश कुमार आलेमगर
५. माननीय सदस्य चन्द्र बहादुर के.सी.

तदुपरान्त, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३" का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले, विधेयकको दफा २ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः-

"प्रस्तावना: नेपाल विशेष सेवा (दोश्रो संशोधन) अध्यादेश, २०८२ ले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गरेकोमा संशोधन गर्नु भन्दा अघि कायम रहेको साविकको व्यवस्था जगाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन,२०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन,२०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।"

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले समसामयिक विषयमा समय माग गरी आफ्ना धारणा राख्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल भदौ ३१ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव